# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं भाद्र ६ गते ०१२ साल

## भाग ६

## राज्यव्यवस्था विभाकोग विज्ञप्ति

पत्रसंख्या छ, ३८।१क।८-२-२३०।१२।१३३७

३८७.

०११-११-२-२ का दिन सरकारबाट भएको निर्णयानुसार निजामती तर्फ सरकारी कर्मचारीहरूको बिचमा टुटेको नोकरी जोड्ने विषयमा तपसीलमा लेखिएका बेहोराबाट टुटेकोलाई सम्म बिचमा टुट भएको छुटाई अघिको र पछिको नोकरी जोडी ऐन, सवालबमोजिम गर्ने गराउने भएकोले सबैलाई थाहा होस् भन्नानिमित्त यो विज्ञप्ति प्रकाशित गरिएको छ।

तपसील

१. कुनै कर्मचारीलाई वात कसूर लागी खोसी खाली भएको र पछि फेरि निज कर्मचारीको वात सच्याउन लगाई नियुक्ति भएको।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. कुनै कर्मचारी एकतान्त्रिक शासनकालमा राजनैतिक सजाय पाएर खाली भएको र पछि फेरि नियुक्ति भएको ।

३. कुनै कर्मचारीलाई बात कसूर लामी खोसी खाली भएको र पछि फेरि कसूर नठहरी भर्ना भएको ।

४. कुनै कर्मचारी पजनीमा खोसी खाली भएको र पछि फेरि भर्ना भएको.

५. कुनै कर्मचारी अड्डा खारेजमा परी खाली भै पछि फेरी कहीं भर्ना भएको ।

उपरोक्त ५ दफामा लेखिएदेखि बाहेक अरु बेहोराबाट छुटेको नोकरी जोडिनेछैन.

आज्ञाले:—

माणिकलाल,

का. मु. सेक्रेटरी—राज्यव्यवस्था विभाग.

## राज्यव्यवस्था विभागको सूचना

तिमि ०१२-४-२१-२.

सरकारबाट भएको ०१२-४-२१-१ का निर्णयबमोजिम वाणिज्य-विभागका कायम मुकायम सेक्रेटरी श्री उपेन्द्र मल्ल बेतलबी बिदाली बृटिश काउन्सील स्कलरसिपमा अध्ययन गर्न २०१२-४-२५-३ मा जानु भएकोले अर्को निर्णय नभए सम्म वाणिज्य विभागको काम पनि उद्योगविभागको का. मु. सेक्रेटरी श्रीआनन्द बहादुरले चलाउनु भएको छ.

आज्ञाले:—

माणिकलाल,

का. मु. सेक्रेटरी—राज्यव्यवस्था विभाग.

---

गोरखापत्र छापाखानामा मुद्रित । सरदार विष्णुध्वज जोशी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।